**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको स्वतः प्रकाशन विवरण (Proactive Disclosure)**

**२०८२।०१।०१ देखि २०८२।०३।३२ सम्म ।**

सूचना सार्वजनिक गर्ने निकायको नाम :– **सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपाल ।**

सार्वजनिक गरेको मिति :– २०८२।०४।१५ विहीबार ।

**१. निकायको स्वरुप र प्रकृति**

वि.सं. २००७ साल चैत्र २० गते विधिवत रुपमा स्थापना भएको रेडियो नेपाल मुलुककै अग्रणी प्रसारण माध्यम हो । तत्कालीन प्रसार विभाग अन्तरगत रहेको रेडियो नेपाल २०४१ साल भदौ १ गतेदेखि विकास समिति ऐन २०१३ वमोजिम विकास समितिमा परिणत भएको थियो। हाल रेडियो नेपाल सार्वजनिक सेवा प्रसारण ऐन २०८१ अनुसार २०८१/०७/२३ गतेदेखि सार्वजनिक सेवा प्रसारण संस्था, रेडियो नेपालमा रूपान्तरण भई सञ्चालन हुँदै आएको छ ।
यसको केन्द्रीय कार्यालय काठमाडौंको सिंहदरवारमा रहेको छ । तीनवटा मिडियम प्रसारण केन्द्रसहित हाल ७ वटै प्रदेशमा प्रादेशिक प्रसारण कार्यालय तथा कोशी प्रदेशको विराटनगरमा तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्रामका साथै मुलुकको विभिन्न ३६ स्थानमा एफ.एम. रिले स्टेशनको माध्यमबाट रेडियो नेपालले प्रसारण सेवा निरन्तर गरि रहेको छ । यसैगरी डिजिटल न्युजपोर्टलहरूमा, onlineradionepal.gov.np / www.radionepal.gov.np र Radio Nepal Apps मार्फत विश्वभरी पढ्न, सुन्न र हेर्न सकिन्छ । नेपालमा एएम प्रविधिको मिडियम वेभ, एपफएम प्रविधि र डिजिटल प्रविधिमा समेत प्रसारण गर्नसक्ने एकमात्र प्रसारण संस्था हो रेडियो नेपाल, रेडियो नेपाल सबैभन्दा बढी प्रसारण केन्द्रहरु र एफ.एम. रिले केन्द्रहरु रहेकोहुँदा सर्वाधिक प्रसारण पहुँच भएको प्रसारण माध्यम हो । २४ सै घण्टा प्रसारण हुने रेडियो नेपालले २६ भाषामा समाचार तथा २५ भाषामा कार्यक्रम प्रसार गर्दै आएको छ । आ.व. २०८१/८२ को आर्थिक सर्वेक्षण अनुसार रेडियो नेपालको प्रसारण पहुँच ९४ प्रतिशत जनतासम्म पुगेको छ।

**<u>सोच (Vision)</u> :**
राष्ट्रिय एकता र समग्र विकासका लागि विश्वसनीय, गुणस्तरीय, अग्रणी राष्ट्रिय प्रसारण माध्यमको रुपमा क्रियाशील रेडियो नेपाललाई **"राष्ट्रिय रेडियो राष्ट्रको संचार" को रुपमा विकास गर्ने ।**

**प्रमुख उद्देश्य (Major Objectivce) :**
राष्ट्रिय हितलाई सर्वोपरी राखी राष्ट्रिय र अन्तर्राष्ट्रिय गतिविधिको जानकारी दिदै राष्ट्र तथा जनताको आर्थिक, बौद्धिक तथा सामाजिक उत्थानमा सघाउ पुऱ्याउन मिडियम वेभ, एफएम र डिजिटल प्लेटफर्मको माध्यमबाट सहज पहुँच सहितको प्रसारण सेवा सञ्चालन गर्ने ।

**<u>लक्ष्य (Goal) :</u>**

नेपालको संविधानले व्यवस्था गरेको जनताको अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनाको हकलाई सम्मान गर्दै मुलुकको आर्थिक, सामाजिक, कला र साँस्कृतिक, साहित्यिक, पर्यावरणीय पक्षहरुको जगेर्ना, सम्बर्धन गर्न तथा विभिन्न क्षेत्र, जाति, भाषा, धर्म, वर्ग तथा सम्प्रदाय बीच भावनात्मक एकता अभिवृद्धिगर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका महत्वपूर्ण गतिविधिहरु प्रसारण गरी जनताको जीवनस्तर उकास्ने एवं चेतना अभिवृद्धि गर्न सघाउ पुऱ्याउने ।

| | | | |
|---|---|---|---|
| १. | संस्थाको नाम : | सार्वजनिक सेवा प्रसारण, रेडियो नेपाल | |
| २. | ठेगाना : | सिंहदरवार, काठमाण्डौं । | |
| ३. | टेलिफोन नं. : | ०१-४२११९१०,<br>०१-४२११६६७<br>०१-४२११८०५ | फ्याक्स नं.:<br>०१-४२११९५२ |
| ४. | Email :<br><br>website:<br>News Portal:<br>Face book page<br>You tube<br>Instagram<br>Apps: | ed@radionepal.gov.np<br>info@radionepal.gov.np<br>www.radionepal.gov.np<br>www.onlineradionepal.gov.np<br>www.facebook.com/radionepal<br>https://youtube.com/radionepalofficial<br>https://www.instagram.com/radionepal1/<br>RadioNepal | |
| ५. | स्थापना मिति : | २००७ साल चैत्र २० गते<br>२०४१ भाद्र १ गते देखि रेडियो प्रसार सेवा विकास समितिमा र २०८१ कार्तिक २३ गते देखि सार्वजनिक सेवा प्रसारण रेडियो नेपालमा रुपान्तरित भएको । | |
| ६. | स्थापना ऐन : | सार्वजनिक सेवा प्रसारण ऐन –२०८१ | |
| ७. | कार्यालयहरु: | | |
| | केन्द्र:<br>प्रदेश प्रसारण कार्यालय:- | सिंहदरबार, काठमाडौं,<br>धनकुटा, पोखरा, सुर्खेत, दिपायल, दाङ, वर्दिवास र तारिणिप्रसाद कोइराला स्मृति सञ्चारग्राम विराटनगर | |
| | प्रसारण केन्द्र: | धरान, खुमलटार र भैंसेपाटी । | |
| | एफएम रिले केन्द्र: | ३६ (छत्तिस) वटा | |
| ८. | प्रसारण प्रविधि : | मिडियम वेभ, एफ.एम., अनलाईन र Radio Nepal Apps (Digital Plateform) | |
| ९. | सम्पर्क मन्त्रालय : | संचार तथा सूचना प्रविधि मन्त्रालय | |

**सार्वजनिक सेवा प्रसारण ऐन –२०८१ परिच्छेद ४ अनुसार सार्वजनिक सेवा प्रसारण संस्थामा देहाय बमोजिमको एक सञ्चालक समिती रहेको छ।**

| क.सं. | | पद |
|---|---|---|
| (क) | सिफारिस समितिको सिफारिसमा नेपाल सरकारले नियुक्त गरेको व्यक्ति | **अध्यक्ष** |
| (ख) | मन्त्रालयले तोकेको मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत | **सदस्य** |
| (ग) | रेडियो वा टेलिभिजनको क्षेत्रमा कम्तिमा सात वर्षको अनुभव प्राप्त व्यक्तिमध्येबाट दुवै क्षेत्रको प्रतिनिधित्व हुने गरी मन्त्रालयले समावेशी सिद्धान्तको आधारमा मनोनयन गरेको कम्तीमा एकजना महिला सहित तीनजना | **सदस्य** |
| | प्रमुख प्रशासकिय अधिकृतले सञ्चालक समितिको सचिव भै काम गर्नेछ। | |


## २. निकायको काम कर्तव्य र अधिकार

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिबिधिहरुको व्यापक जानकारी दिन र राष्ट्र तथा जनताको आर्थिक, बौद्धिक तथा सामाजिक उत्थानमा सघाउ पुऱ्याउनका लागि मिडियमवेभ तथा एफ.एम.र अनलाईन प्रविधिको माध्यमबाट प्रसारण सेवा संचालन गर्ने।
- नेपालको संविधानद्वारा प्रत्याभूत गरिएको नेपाली जनताको अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकलाई सम्मान गर्दै आर्थिक, सामाजिक, सांस्कृतिक, साहित्यिक, एवं कलात्मक पक्षहरुको जगेर्ना, सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने।
- देशका विभिन्न क्षेत्रका जातजाती, भाषा, वर्ग र सम्प्रदायवीच भावनात्मक एकता अभिवृद्धि गर्ने खालका गतिविधिहरुलाई जनतामाझ पुऱ्याउने सामग्री उत्पादन एवं प्रसारण गर्ने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सुचना, समाचारहरुका साथै शैक्षिक, सूचनामूलक, विकासमूलक, जनचेतनामुलक र मनोरन्जनमूलक सामग्री रेडियो नेपालका केन्द्रीय प्रसारण केन्द्रका साथै प्रादेशिक प्रसारण केन्द्र र एफ.एम.रिले केन्द्रमार्फत आमजनतामा पुऱ्याउने।
  राष्ट्रिय एकता र समग्र बिकासका लागी बिश्वसनीय, गुणस्तरीय, अग्रणी, राष्ट्रिय प्रसारण माध्यमको रुपमा क्रियाशील रेडियो नेपाललाई "राष्ट्रिय रेडियो राष्ट्रको संचार" को रुपमा बिकास गर्न देहायका कार्यहरु संचालन गर्ने।
- मानव अधिकारका मुल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशिकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सवै क्षेत्रमा न्यायपुर्ण व्यवस्था कायम गर्दै लोक कल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने सामग्री प्रसार गर्ने।
- परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय ईकाईहरु वीचको सम्वन्ध स्थापित गर्दै स्थानिय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने कार्यक्रम तथा समाचारहरु प्रसार गर्ने।
- कला, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सवै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामुलक समाजको निर्माण गर्ने सामग्री प्रसारण गर्ने।
- श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मुल्यहरुको विकास गर्ने खालका कार्यक्रमहरुलाई बढावा दिने।

- सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सदभाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्न अभिप्रेरित हुने खालका विषयलाई रेडियो नेपालले आफ्नो प्रसारणमा समावेश गर्ने ।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतका अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न सघाउ पुऱ्याउने सामग्री प्रसार गर्ने ।

**३. निकायको सांगठनिक संरचना**

# रेडियो प्रसार सेवा विकास समिति रेडियो नेपाल को संगठन चार्ट



### ४. निकायमा रहने कर्मचारीको दरवन्दी संख्या

| क.सं. | महाशाखा/प्रदेश प्रसारण केन्द्र/ट्रान्समीटर स्टेशन | जम्मा दरबन्दी | कैफियत |
|---|---|---|---|
| १. | प्रशासन महाशाखा | १४५ | केन्द्रीय कार्यालय सहित बागमती प्रदेश |
| २. | ईन्जिनियरिङ्ग महाशाखा | ५४ | |
| ३. | व्यापार महाशाखा | ११ | |
| ४. | समाचार महाशाखा | ४९ | |
| ५. | कायर्क्रम महाशाखा | ६० | |
| ६. | आर्थिक प्रशासन महाशाखा | १८ | |
| ७. | भंसैपाटी प्रसारण केन्द्र | १९ | |
| ८. | खमुलटार प्रसारण केन्द्र | २५ | |
| ९. | वर्दिवास प्रसारण केन्द्र | २४ | मधेस प्रदेश |
| १०. | पोखरा प्रादेशिक प्रसारण कार्यालय | ३९ | गण्डकी प्रदेश |
| ११. | सुर्खेत प्रादेशिक प्रसारण कार्यालय | ३३ | कर्णाली प्रदेश |
| १२. | दिपायल प्रादेशिक प्रसारण कार्यालय | २४ | सुदूरपश्चिम प्रदेश |
| १३. | धनकुटा प्रादेशिक प्रसारण कार्यालय | ३५ | कोशी प्रदेश |
| १४. | धरान प्रसारण केन्द्र | २२ | |
| १५. | दाङ्ग प्रादेशिक प्रसारण कार्यालय | ० | लुम्बिनी प्रदेश |
| १६. | तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम विराटनगर | ० | कोशी प्रदेश |
| जम्मा | | ५५८ | |

**(उल्लेखित मध्ये स्थायी कर्मचारी ३२७ जना र हाल समितिमा करार, सिफ्ट वेसिस, मासिक ज्यालादारी, दैनिक ज्यालादारी र सुरक्षा गार्ड सहित २२० जना कार्यरत छन् ।)**

**निकायमा दरवन्दी अनुसार कार्यरत कर्मचारी संख्या र कार्य विवरण:**

| क्र.सं. | पद | सेवा समुह | संख्या | कार्य विभाजन | कार्यरत कर्मचारी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कार्यकारी अध्यक्ष | | १ | निकाय प्रमुख | १ | |
| २. | नायव कार्यकारी निर्देशक तह ११ | | ३ | | १ | |
| ३. | निर्देशक तह १० | प्रशासन, इन्जिनियरिङ्ग (उत्पादन/प्रसारण/योजना) कार्यक्रम,समाचार, आर्थिक प्रशासन, व्यापार | ८ | महाशाखा प्रमुख | ५ | |
| ४. | उप निर्देशक तह ९ | प्रशासन, इन्जिनियरिङ्ग, कार्यक्रम,समाचार, आर्थिक प्रशासन, व्यापार, | १८ | शाखा प्रमुख | ११ | |
| ५. | मुख्य अधिकृत तह ८ | प्रशासन, इन्जिनियरिङ्ग, कार्यक्रम,समाचार, आर्थिक प्रशासन, व्यापार, | ३० | | २१ | |
| ६. | बरिष्ठ अधिकृत तह ७ | प्रशासन, इन्जिनियरिङ्ग, कार्यक्रम,समाचार, आर्थिक प्रशासन, व्यापार, | ४३ | | ४५ | |
| ७. | अधिकृत तह ६ | प्रशासन, इन्जिनियरिङ्ग, कार्यक्रम,समाचार, आर्थिक प्रशासन, व्यापार, | ८४ | | ११८ | |
| ८. | बरिष्ठ सहायक तह ५ | प्रशासन, इन्जिनियरिङ्ग, कार्यक्रम,समाचार, आर्थिक प्रशासन, व्यापार, | १२७ | | ५३ | |
| ९. | टाइपिष्ट र सुरक्षा गार्ड | | | | ० | |
| १०. | सहायक तह ४ | प्रशासन, इन्जिनियरिङ्ग, कार्यक्रम,समाचार, आर्थिक प्रशासन, व्यापार, | १०४ मा (३ तिन जना ३ तह सहित) | | १० | |
| **११.** | **श्रेणी विहीन** | **प्रशासन** | **१४०** | | **६२** | |
| | **जम्मा** | | **५५८** | | **३२७** | |

## ५. निकायवाट प्रदान गरिने सेवा

- राष्ट्रिय तथा अन्तराष्ट्रिय गतिविधिहरुको सत्य, तथ्य, निष्पक्ष विवरण सहित समाचार तथा कार्यक्रमहरु प्रसारण।
- मिडियमवेभ, एफ.एम. तथा अनलाइन सहित डिजिटल प्लेटफर्म मार्फत क्षेत्र विस्तार गरी शतप्रतिशत पुर्‍याउन प्रयासरत।
- रेडियो नेपाल एप्सको सहायतावाट प्रसारण क्षेत्र विस्तार।
- वहुभाषामा समाचार कार्यक्रम प्रसारण गर्ने नीति अनुरुप हाल २६ भाषामा समाचार र २५ भाषामा कार्यक्रम उत्पादन तथा प्रसारण।
- केन्द्रबाट समाचार, समाचारमूलक, जनचेतनामूलक, विकासमूलक, शिक्षाप्रद तथा मनोरन्जनात्मक कार्यक्रमहरु २४ सै घण्टा प्रसारण
- प्रदेश प्रसारणबाट करिब ४ घण्टा स्थानिय कार्यक्रम र समाचारहरु प्रसारण।
- मुलुकको आवश्यकता र श्रोताहरुको रुचि, ईच्छा र चाहना बमोजिम नयाँ नयाँ कार्यक्रमहरु समावेश गर्ने।
- श्रोतावाट प्राप्त भइ छनौट भएका र रेडियो नेपालवाट प्रसारित लेख, रचना, कथा, कविता आदिको पारिश्रमीक उपलब्ध गराउँने ।
- रेडियो नेपालको प्रसारणलाई थप प्रभावकारी बनाउन वार्षिकरुपमा प्राविधिक तथा श्रोता सर्वेक्षण गर्ने ।
- बढी भन्दा बढी श्रोतालाइ जानकारी दिन online news portal, Facebook, Youtube, Twitter (x), Radionepal App जस्ता सामाजिक सञ्जालहरुको प्रयोग।
- रेडियो नेपाललाई अझ व्यवसायिक बनाउँदै लैजान सरकारी, गैह्रसरकारी तथा नीजि संस्थाहरुसँग प्रचलित कानुनका आधारमा व्यापारिक सम्झौता गर्ने।
- रेडियो नेपालले आफनो चल अचल सम्पत्ति वा प्रसारण उपकरणहरु निश्चित समयसम्मका लागि अन्य संघसंस्थालाई प्रचलित करार सम्झौता बमोजिम उपलब्ध गराउने।
- श्रोताका गुनासो, पीरमर्का र समस्या सुनी उचित व्यवस्थापन गर्न केन्द्रमा गुनासो सुनुवाई गरी समस्याहरुको निराकरण गर्ने।
- हरेक प्रदेशमा आधुनिक सुविधा सहितको प्रसारण केन्द्र स्थापना गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुरुप हुने गरी प्रादेशिक प्रसारण अवधारणा अघि बढाउने।
- केन्द्रीय कार्यालयले आफु मातहतका प्रादेशिक निकाय लगायतका कार्यालयहरुको बैज्ञानिक, वस्तुनिष्ठ र मापनयोग्य मुल्यांकन प्रणालीमार्फत अनुगमन तथा मुल्यांकन गर्ने।
- केन्द्रीय कार्यालयबाट भए गरेका कामहरुको त्रैमासिक विवरण आफ्नो आधाकारिक वेभसाइट मार्फत सार्वजनिकीकरण गर्ने।
- कामकारवाही र सुधारको प्रक्रिया, सेवाग्राहीका गुनासा समाधान हेतु व्यवस्थापन सुधार इकाई गठन गरी कार्यान्वयन गने।
- केन्द्रीय कार्यालयले वर्षमा कम्तिमा एकपटक सार्वजनिक सुनुवाई वा सञ्चारकर्मी भेटघाट मार्फत गतिविधिहरु जनमानस समक्ष लैजाने।
- आधिकारिक वेभसाइट मार्फत गतिविधिहरु हेर्न तथा समाचार, कार्यक्रम, गीतसंगीत आदि प्रत्यक्ष र अप्रत्यक्ष ढंगबाट सुन्ने व्यवस्था मिलाउने।
- आवधिक रुपमा संगीत प्रशिक्षण कार्यक्रम संचालन गर्ने।
- विभिन्न कलेज तथा शैक्षिक सस्थाबाट आउने विद्यार्थीहरुलाई इन्टर्नसिप प्रदान गर्नै।
- इच्छुक व्यक्ति सस्था कार्यालयहरुलाई रेडियो नेपाल अवलोकन भ्रमणको सुविधा उपलब्ध गराउने ।
- नवप्रतिभाहरुको स्वर परिक्षा लिइने।
- नेपाली संगीतको प्रवर्द्धन गर्न आधुनिक, जागरण, फुलवारी, लोक गीत, वालगीत र शास्त्रीय संगीत प्रतियोगिता तथा सम्मेलन गर्नै।
- विभिन्न विधाका कलाकारहरुलाई रचना, संगीत तथा स्वरमा उत्पादन गरिएका एल्वम तथा अनुभवको आधारमा श्रेणी वृद्धि गर्ने।
- विभिन्न विधाका कलाकारहरुलाई उनीहरुको वर्गिकृत श्रेणी अनुसार कलाकार सिफारिस पत्र प्रदान गर्ने।

- आवश्यकता अनुसार विभिन्न राष्ट्रभाषामा र अन्य गीतहरु रेकर्डिङ्ग गर्ने ।
- १६ वर्ष भन्दा मुनिका वालवालिका, ६० वर्ष भन्दा माथिका जेष्ठ नागरिक र मानसिक सन्तुलन ठिक नभएका तथा हराएका व्यक्तिहरु सम्वन्धी सूचना सन्देश नि:शुल्क रुपमा प्रसारण गर्ने ।
- उल्लेखित प्रकृतिका सेवाहरु प्रदेश प्रसारणवाट पनि दैनिक ४ घन्टाको प्रसारण मार्फत प्रदान गर्ने ।
- आपतकालिन वा संकटको वेला सम्वन्धित विषयमा २४ सै घण्टा प्रसारण गर्ने । जस्तै २०७२ को विनाशकारी भुकम्पका बेला र कोभिड १९ को सर्न्दभमा ०७६-१२-११ देखि ०७७।०६।३० सम्म २४ सै घण्टा प्रसारण भएको ।

## ६. सेवा प्रदान गर्ने शाखा, महाशाखा र जिम्मेवार अधिकारी

| सि.नं. | उपलब्ध सेवा | सेवा प्रदान गर्ने शाखा / महाशाखा | जिम्मेवार अधिकारी/मोबाइल नम्बर |
|---|---|---|---|
| १. | सञ्चार तथा कार्यक्रम सेवा, प्रशासन सेवा (आर्थिक प्रशासन) | आर्थिक प्रशासन, कार्यक्रम र समाचार | कायम मुकायम प्रमुख प्रशासकिय अधिकृत |
| २. | ईन्जिनियरिङ सेवा (उत्पादन र प्रसारण), व्यापार | उत्पादन र प्रसारण, व्यापार | नायव कार्यकारी निर्देशक चन्द्रभूषण लाल दास ९८४९२१५९२२ |
| ३. | प्रशासन सेवा (प्रशासन), इन्जिनियरिङ्ग सेवा (योजना विकास तथा विस्तार) | प्रशासन, योजना विकास तथा विस्तार | नि. नायव कार्यकारी निर्देशक पुष्कर राज गौतम ९७६११३९८८२ |
| .४. | रेडियो नेपालको आर्थिक प्रशासन, लेखा सम्बन्धमा । | आर्थिक प्रशासन महाशाखा | निर्देशक मनोज चौधरी<br>९८४१७४६३३३<br>मुख्य लेखा अधिकृत: दिपक श्रेष्ठ |
| ५. | रेडियो कार्यक्रम प्रायोजन, विज्ञापन/व्यापार सम्वन्धमा | व्यापार महाशाखा | निर्देशक : गोपाल थापा ९८४१५००५३२<br>मुख्य ब्यापार अधिकृत : पियुस कुमार श्रेष्ठ<br>९८४१२५३४१४ |
| ६. | रेडियो प्रसारण सम्वन्धी प्राविधिक प्रसारणसँग सम्बन्धीत विषयहरु मर्मत आइटी र अडियो डिजिटल आर्काइभिङ्ग समेत | इन्जिनियरीङ प्रसारण महाशाखा | निर्देशक ई. : उदयकृष्ण श्रेष्ठ<br>९८४१२१८२२४/९८४००१८८३०<br>उप निर्देशक ई. सच्चिदानन्द यादव<br>९८४१०४८१४४<br>कार्यकारी इन्जिनियर नेहा श्रेष्ठ<br>९८६७०४५६७८ |

| | | | |
|---|---|---|---|
| ७. | रेडियो समाचार तथा समाचारमूलक सामग्री सम्वन्धी र रिर्पोटिङ समेत | समाचार महाशाखा | निर्देशक पवन प्याकुरेल ९८४१४१६३३१<br>उप निर्देशक जनार्धन विष्ट ९८५१०८५४४०<br>उप निर्देशक, प्रमोद दाहाल ९८५११३४९१९ |
| ८. | रेडियो कार्यक्रम सम्वन्धी | कार्यक्रम महाशाखा | उप निर्देशक : तारा वस्ती ९८४१४३९५९७<br>उप निर्देशक : माया वली ९८४१५९८०६४<br>उप निर्देशक : गोकर्ण रेग्मी ९८४१२७८९७२ |
| ९. | रेडियो प्रसारण सम्वन्धी प्राविधिक उत्पादन सँग सम्बन्धीत विषयहरु | इन्जिनियरीङ उत्पादन महाशाखा | उपनिर्देशक (प्रा.) सुरेन्द्र प्रसाद यादव ९८४२०६२६८४<br>मुख्य, प्राविधिक अधिकृत सुलोचना बज्राचार्य ९८४१८२०८९५ |
| १०. | रेडियो नेपाल सम्वन्धी प्रशासनिक विषयहरुमा | प्रशासन महाशाखा | उपनिर्देशक : बद्री विशाल तण्डुकार ९८४१२९८११५<br>मुख्य प्रशासकिय अधिकृत : किरण अर्याल ९८५१०५४५७५ |
| ११. | रेडियो नेपालको वर्तमान र भावि योजना | योजना बिकास तथा विस्तार महाशाखा | उपनिर्देशक (प्रा.) सुरेन्द्र प्रसाद यादव ९८४२०६२६८४<br>मुख्य प्राविधिक अधिकृत, मनोज कुमार साह, ९८४१२२१९७५<br>प्राविधिक अधिकृत भिम बहादुर विश्वकर्मा ९८५१२०८८३८ |
| १२. | रेडियो नेपालको खरिद योजना सम्वन्धमा | खरिद इकाइ | नि. नायव कार्यकारी निर्देशक (प्रा.) पुष्कर राज गौतम् ९७६११३९८८२<br>वरिष्ठ प्रशासकीय अधिकृत : सूर्य विष्ट ९८४१३५३४५८ |
| १३. | रेडियो नेपाल सम्वन्धी गुनासो सम्वन्धमा | गुनासो सुन्ने अधिकारी | उपनिर्देशक : बद्री विशाल तण्डुकार ९८४१२९८११५ |
| १४. | रेडियो नेपाल सम्वन्धी सूचना जानकारी सम्वन्धमा | सूचना अधिकारी | नि.नायव कार्यकारी निर्देशक : पुष्कर राज गौतम् ९७६११३९८८२ |
| १५. | रेडियो नेपाल अवलोकन र इर्न्टन्सीप तालिम सम्वन्धमा | तालिम शाखा | उपनिर्देशक तारा वस्ती ९८४१४३९५९७<br>प्रशासकिय अधिकृत कुमार धिताल ९८४१३७४३११ |
| १६. | गीत दर्ता सम्वन्धमा | टेप लाइब्रेरी, कार्यक्रम महाशाखा | मुख्य कार्यक्रम अधिकृत : पूर्णचन्द्र घिमिरे ९८५६०४१६२४ |
| १७. | संगीत प्रशिक्षण, गीत संगीत रेकर्डिङ तथा स्वर परिक्षा सम्वन्धमा | संगीत शाखा (कार्यक्रम महाशाखा) | मुख्य संगीत प्रवन्धक टेक बहादुर ऐर ९८४१२२८५२८<br>वरिष्ठ संगित संयोजक : दुर्गा अधिकारी ४२११८५० |

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| सि.नं. | उपलब्ध सेवा | सेवा लिन लाग्ने समय | सेवा लिन लाग्ने शुल्क |
|---|---|---|---|
| १. | स्वर परिक्षा | तोके वमोजिम | ५२५। आवेदन फारम सहित |
| २. | कलाकार सिफारिस प्रमाणपत्र | | २५५०। आवेदन फारम सहित |
| ३ | इन्टर्नसिप | ३ महिना सम्म<br>६ महिना सम्म | २०००।००<br>४०००।०० |
| ४ | रेडियो नेपाल अवलोकन | २५ जना सम्मलाई<br>५० जना सम्मलाई | १०००।००<br>२०००।०० |

## ८. रेडियो विज्ञापन सम्वन्धी दररेट

८.१. प्रसारण समय बर्गिकरण:

(क) **"ए"** समय भन्नाले रेडियो नेपालको केन्द्रीय प्रसारण अन्तर्गतको बिहान ५:०० बजे देखि ११:०० बजे सम्मको प्रसारण समयलाई सम्झनुपर्छ ।

(ख) **"बी"** समय भन्नाले रेडियो नेपालको केन्द्रीय प्रसारण अन्तर्गतको बेलुका ५:००बजे देखि राती ९:३० बजेसम्मको प्रसारण समयलाई सम्झनुपर्छ ।

(ग) **"सी"** समय भन्नाले रेडियो नेपालको केन्द्रीय प्रसारण अन्तर्गतको दिउंसो ११:०० बजेदेखि बेलुका ५:०० बजे सम्मको प्रसारण समयलाई सम्झनुपर्छ ।

(घ) **"डी"** समय भन्नाले रेडियो नेपालको केन्द्रीय प्रसारण अन्तर्गतको राती ९:३० बजेदेखि ११:०० बजेसम्मको प्रसारण समयलाई सम्झनुपर्छ ।

(ङ) **"इ"**समय भन्नाले रेडियो नेपालको केन्द्रीय प्रसारण अन्तर्गतको राती ११:०० बजे देखि बिहान ५:०० बजेसम्मको प्रसारण समयलाई सम्झनुपर्छ ।

### ८.२. अतिरिक्त कमिशन (बोनस):

(ख) दफा (क) बमोजिम समितिलाई प्राप्त रकममा निम्नानुसार अतिरिक्त कमिशन उपलब्ध गराउन सकिने छ :

(अ) केन्द्रीय प्रसारणको हकमा :

(१) वार्षिक रु.५ लाखदेखि माथि १० लाखसम्मको कारोबारमा ५%

(२) वार्षिक रु.१० लाख १ देखि २० लाखसम्मको कारोबारमा ६%

(३) वार्षिक रु.२० लाख १ देखि ४० लाखसम्मको कारोबारमा ७%

(४) वार्षिक रु.४० लाख १ देखि ८० लाखसम्मको कारोबारमा ८%

(५) वार्षिक रु.८० लाख १ देखि १ करोड माथिको कारोबारमा १०%

(आ) प्रादेशिक प्रसारण कार्यालय/प्रसारण केन्द्रको हकमा

(१) वार्षिक रु. २ लाख देखि माथि ४ लाख सम्मको कारोबारमा ५% का दरले,

(२) वार्षिक रु.४ लाख १ देखि ७ लाख सम्मको कारोबारमा ६% का दरले,

(३) वार्षिक रु. ७ लाख १ देखि १० लाख सम्मको कारोबारमा ८% का दरले र

(४) वार्षिक रु.१० लाख १ देखि १० लाख माथिको कारोबारमा १०% का दरले ।

(ग) बुंदा (ख) अनुसारको अतिरिक्त कमिशन आर्थिक वर्षको अन्त्य सम्ममा कारोबारको भुक्तानी चुक्ता गरेको अवस्थामा मात्र दिइनेछ। अतिरिक्त कमिसन हिसाब गर्दा फरक रकमको सिमा बमोजिम अलग अलग प्रतिशत गणना गरिने छ ।

## ८.३. मनोरञ्जनात्मक कार्यक्रम उत्पादन एवम् प्रसारणः

(छ) रेडियो नेपालबाट प्रसारण हुने मनोरञ्जनात्मक कार्यक्रम प्रायोजित भएमा देहाय बमोजिम विज्ञापन प्रसारणको लागि समय (FCT)उपलव्ध गराइनेछ ।

- १५ मिनेटको कार्यक्रममा ३ मिनेट
- ३० मिनेटको कार्यक्रममा ६ मिनेट
- ४५ मीनेटको कार्यक्रममा ९ मिनेट

उपरोक्त विज्ञापन **(FCT)** मध्ये ५०% सम्म सोही कार्यक्रम भित्र र बाँकी ५०% सम्मका विज्ञापन बैंकिङ गरी सोही कार्यक्रम प्रसारण भएको बर्गीकृत समयमा प्रसारण गर्न दिन सकिनेछ। अन्य समयमा प्रसारण गर्न चाहेमा बैंकिङ गरिएका विज्ञापनलाई प्रचलित विज्ञापनको दररेट बमोजिम हुने रकममा हिसाव गरी प्रसारण गर्न दिन सकिनेछ।

## ८.४. विहान ७ बजे र बेलुका ७ बजेको समाचारको समय बिक्रीः

(क) कुनै सरकारी, गैर सरकारी वा निजी क्षेत्रको विज्ञापन प्रसारणको लागि बिहान ७ बजे वा बेलुका ७ बजेको समाचारको अघि, पछि वा बीचमा निम्न बमोजिम भुक्तानी हुने गरी सम्झौता वा अर्डर गरेमा प्रोत्साहन स्वरूप निम्न बमोजिमको संख्यामा सोही विज्ञापन सोही दिन निःशुल्क प्रसारणको सुविधा प्रदान गर्न सकिनेछ।

१. कुनै १ समाचारमा १ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा सी. र डी. समयमा २ पटक ।

२. कुनै १ समाचारमा ३ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा अन्य समाचारमा २ पटक र ए. बी. सी. डी. समयमा ३ पटक गरी जम्मा ५ पटक ।

३. कुनै १ समाचारमा ६ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा अन्य समाचारमा ३ पटक र ए. बी. सी. डी. समयमा ४ पटक गरी जम्मा ७ पटक ।

४. दुवै समाचारमा १ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा अन्य समाचारमा १ पटक र ए. बी. सी. डी. समयमा ४ पटक गरी जम्मा ५ पटक ।

५. दुवै समाचारमा ३ महिना वा सो भन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा अन्य समाचारमा ५ पटक र ए. बी. सी. डी. समयमा ७ पटक गरी जम्मा १२ पटक ।

६. दुवै समाचारमा ६ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा बांकी जुनसुकै समाचारहरूमा १० पटक ।

(ग) यस दफा अन्तर्गत प्रसारण हुने विज्ञापन सामान्यतया लगातार दैनिक प्रसारण गर्नु पर्नेछ तर विज्ञापन दाताको अनुरोधमा एक वर्षभित्र तोकिएको संख्या पूरा हुनेगरी सम्झौता गर्न पनि सकिनेछ।

(ङ)　यस दफा बमोजिमको सुविधा लिनेगरी सम्झौता गर्ने कुनै विज्ञापन एजेन्सीसंग व्यवस्थापनले आवश्यक ठानेमा सुरक्षण वापत उचित बैक ग्यारेन्टि वा नगद धरौटी लिन सकिनेछ ।

(ङ)　यस दफा बमोजिम निःशुल्क प्रसारणको सुविधा प्रदान गरे पछि दफा (२४) मा व्यवस्था भएको प्याकेज छुट प्रदान गरिने छैन ।

**८.५. विहान ९ बजे र बेलुका ९ बजेको समाचारको समय बिक्री :**

(क)　कुनै सरकारी, गैर सरकारी वा निजी क्षेत्रको विज्ञापन प्रसारणको लागि बिहान ९ बजे र बेलुका ९ बजेको समाचारकोअघि, पछि वा बीचमा निम्न बमोजिम भुक्तानी हुनेगरी सम्झौता वा अर्डर गरेमा प्रोत्साहन स्वरूप निम्न बमोजिमको संख्यामा सोही विज्ञापन सोही दिन निःशुल्क प्रसारणको सुविधा प्रदान गर्न सकिनेछ ।

१. कुनै १ समाचारमा १ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा सी. डी. समयमा २ पटक ।

२. कुनै १ समाचारमा ३ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा ३ बजेको समाचारमा १ पटक र ए. बी. सी. डी. समयमा ३ पटक गरी जम्मा ४ पटक ।

३. कुनै १ समाचारमा ६ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा ३ बजेको समाचारमा १ पटक र ए. बी. सी. डी. समयमा ६ पटक गरी जम्मा ७ पटक ।

४. दुबै समाचारमा १ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा ए. बी. सी. डी. समयमा ५ पटक ।

५. दुबै समाचारमा ३ महिना वा सोभन्दा बढीको भुक्तानी गर्ने गरी सम्झौता वा अर्डर गरेमा ३ बजेको समाचारमा १ पटक, अन्य समाचारमा १ पटक र ए. बी. सी. डी. समयमा ८ पटक गरी जम्मा १० पटक ।

६. दुबै समाचारमा ६ महिना वा सोभन्दा बढीको भुक्तानी गर्नेगरी सम्झौता वा अर्डर गरेमा ३ बजेको समाचारमा १ पटक र अन्य समाचारहरूमा ९ पटक गरी जम्मा १० पटक ।

(ग)　यस दफा अन्तर्गत प्रसारण हुने विज्ञापन सामान्यतया लगातार दैनिक प्रसारण गर्नु पर्नेछ तर विज्ञापन दाताको अनुरोधमा एक वर्षभित्र तोकिएको संख्या पूरा हुनेगरी सम्झौता गर्न पनि सकिनेछ ।

(घ)　यस दफा बमोजिमको सुविधा लिनेगरी सम्झौता गर्ने कुनै विज्ञापन एजेन्सीसंग व्यवस्थापनले आवश्यक ठानेमा सुरक्षण वापत उचित बैक ग्यारेन्टी वा नगद धरौटी लिन सकिनेछ ।

(ङ)　यस दफा बमोजिम निःशुल्क प्रसारणको सुविधा प्रदान गरेपछि दफा (२४) मा व्यवस्था भएको प्याकेज छुट प्रदान गरिने छैन ।

**८.६. सवै समाचारको समय बिक्रीः**

(क)　कुनै सरकारी, गैर सरकारी वा निजी क्षेत्रको विज्ञापन प्रसारणको लागि बिहान र बेलुका ७ बजे, ९ बजे र दिउँसो ३ बजे गरी दैनिक ५ समाचारको अघि, पछि वा विचमा भुक्तानी गर्नेगरी अर्डर गरेमा प्रोत्साहन स्वरूप प्रति ५ पटकको भुक्तानी वापत अन्य ४ समाचारमा १/१ पटकका दरले सोही विज्ञापन सोही दिन निःशुल्क प्रसारण गरिदिन सकिनेछ ।

(ख)　बिहान र बेलुका ७ बजे, ९ बजे, दिउंसो ३ बजे र अन्य २ गरी दैनिक ७ समाचारको अघि, पछि वा विचमा भुक्तानी गर्नेगरी अर्डरगरेमा प्रति ७ पटकको भुक्तानी बापत अन्य ५ समाचारमा १/१ पटकका दरले सोही विज्ञापन सोही दिन निःशुल्क प्रसारण गरिदिन सकिनेछ ।

(ग)　बिहान र बेलुका ७ बजे, ९ बजे, दिउंसो ३ बजे र अन्य ५ गरी दैनिक १० समाचारको अघि, पछि वा विचमा भुक्तानी गर्नेगरी अर्डरगरेमा प्रति १० पटकको भुक्तानी वापत अन्य ७ समाचारमा १/१ पटकका दरले सोही विज्ञापन सोहीदिन निःशुल्क प्रसारण गरिदिन सकिनेछ ।

(ङ) कुनै विज्ञापन एजेन्सीले गैर सरकारी वा निजी क्षेत्रको विज्ञापन संकलन गरी ल्याएको खण्डमा यस दफा बमोजिम सःशुल्क वा निःशुल्क प्रसारण हुने विज्ञापनहरू एकभन्दा बढी विज्ञापन दाताको फरक फरक विज्ञापन भए तापनि यस्तो सुविधा प्रदान गर्न सकिनेछ । तर सरकारी क्षेत्रको विज्ञापनको हकमा सःशुल्क र निःशुल्क प्रसारण हुने विज्ञापन एउटै संस्थाको मात्र हुनु पर्नेछ ।

(च) यस दफा बमोजिम निःशुल्क प्रसारणको सुविधा प्रदान गरे पछि दफा (२४) मा व्यवस्था भएको प्याकेज छुट प्रदान गरिने छैन ।

(छ) प्रादेशिक प्रसारणबाट समाचार अगाडि, पछाडि वा बिचमा विज्ञापन प्रसारणका लागि सम्झौता वा अर्डर गरेमा प्रोत्साहन स्वरूप निम्नानुसारको सुविधा प्रदान गर्न सकिनेछः

(१) कुनै एक समाचारमा एक महिनाभन्दा बढी भुक्तानी गर्नेगरी सम्झौता वा अर्डर गरेमा सोही प्रदेशको प्रसारणमा दिनमा २ पटक थप निःशुल्क प्रसारण सुविधा उपलब्ध गराउन सकिनेछ ।

(२) कुनै एक समाचारमा तीन महिनाभन्दा बढी भुक्तानी गर्नेगरी सम्झौता वा अर्डर गरेमा सोही प्रदेशको प्रसारणमा दिनमा ४ पटक थप निःशुल्क प्रसारण सुविधा उपलब्ध गराउन सकिनेछ ।

**८.७. वर्गीकृत समय बिक्री :**

(क) रेडियो नेपालको Digital Platform (जस्तै अनलाइन पोर्टल, OTT आदि) मा सूचना तथा विज्ञापन प्रकाशन/प्रसारण गर्दा लाग्ने शुल्कको दररेट अनुसूचि (३) बमोजिम हुनेछ । साथै सुविधा सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछ :

डिजिटल प्लाटफर्म (Digital Platform)मा प्रोत्साहन स्वरुप निशुल्क प्रकाशन गरिदिन सकिने छ । विज्ञापन एजेन्सी मार्फत प्राप्त विज्ञापन तथा कार्यक्रमको हकमा जुन निकाय वा संघसंस्था वा कम्पनीको विज्ञापन प्रसारण भएको हो सोही निकाय वा संघसंस्था वा कम्पनीको विज्ञापनमात्र डिजिटल प्लाटफर्ममा प्रकाशन गरिदिन सकिने छ ।

- रु. ३ लाख देखि १० लाखसम्मको कारोबार गर्नेलाई कारोबार रकमको १०% बरावर ।
- रु. १० लाख १ देखि १५ लाखसम्मको कारोबार गर्नेलाई कारोबार रकमको १२% बराबर ।
- रु. १५ लाख १ देखि २५ लाखसम्मको कारोबार गर्नेलाई कारोबार रकमको १५% बराबर ।
- रु. २५ लाख १ देखि माथिको कारोबार भए २०% बरावर ।

. (ख) डिजिटल प्लाटफर्म (Digital Platform) मा प्रकाशित गर्न विज्ञापन वा कार्यक्रमको डिजाइन कार्यक्रम वा विज्ञापानदाता स्वयम्ले नै उपलब्ध गराउनु पर्नेछ ।

**८.८. कारोबार रकमको आधारमा दिईने छुट सुविधा :**

कुनै सरकारी, गैर सरकारी वा निजी क्षेत्रबाट संचालनहुने **"सूचना, समाचार तथा जनचेतनामूलक कार्यक्रम"** र सरकारी निकायको विज्ञापन बाहेक रेडियो नेपालको केन्द्रीय र प्रादेशिक प्रसारण कार्यालय/प्रसारण केन्द्रहरूबाट प्रसारण हुने अन्य क्षेत्रका विज्ञापन वा मनोरञ्जनात्मक कार्यक्रम प्रायोजन गरी बढीमा एक वर्षको अवधिमा देहायको रकम कारोबार गर्नेगरी सम्झौता गर्ने विज्ञापनदाता वा विज्ञापन एजेन्सीहरूलाई निम्न अनुसारको छुट दिइनेछ ।

(क) केन्द्रीय प्रसारणको हकमा

१. २ लाख १ भन्दा माथि २%
२. ५ लाख १ भन्दा माथि ५%
३. १० लाख १ भन्दा माथि १०%

४. १५ लाख १ भन्दा माथि १५%

५. २० लाख १ भन्दा माथि २०%

६. ३५ लाख १ भन्दा माथि २५%

(ख) प्रादेशिक प्रसारण कार्यालय/प्रसारण केन्द्रहरूको हकमा:

१. रु. ५० हजार १ भन्दा माथि ५%

२. रु. १ लाख ५० हजार १ भन्दा माथि १०%

३. रु. ३ लाख १ भन्दा माथि १५%

(ग) यस दफा बमोजिम प्याकेज छुट लिने गरी सम्झौता गरेको कुनै विज्ञापन एजेन्सीले दफा (७) बमोजिमको कमिशन पाउने किसिमको कुनै सरकारी विज्ञापन वा कार्यक्रम प्रायोजन गरी ल्याएको खण्डमा त्यसबाट प्राप्त हुने रकम सम्झौता बमोजिमको कूल कारोबार रकममा जोडिनेछ तर बुंदा (क) र (ख) मा उल्लेख भए बमोजिमको अतिरिक्त प्याकेज छुट भने पाउने छैन ।

## विज्ञापन/कार्यक्रम प्रसारण दररेट

**(क) "सूचना, समाचारमूलक तथा जनचेतनामूलक कार्यक्रम" प्रसारण शुल्क/ धार्मिक वा समाचारमूलक कार्यक्रम प्रायोजन शुल्कः**

| समय | "सूचना, समाचारमूलक तथा जनचेतनामूलक कार्यक्रम" प्रतिमिनेट (रु.) | धार्मिक वा समाचारमूलक कार्यक्रम प्रायोजन शुल्क (रु.) | | |
|---|---|---|---|---|
| | | कार्यक्रमको नाम | प्रति मिनेट | एफसीटी |
| बिहान ५.०० देखि ६.०० बजेसम्म | ३०० | धार्मिक | ७५ | ३ मिनेट |
| बिहान ६.०० देखि ७.०० बजेसम्म | ८०० | अखवार/ अन्तरसम्वाद | १३० | ३ मिनेट |
| बिहान ७.०० देखि ९.०० बजेसम्म | ९०० | समाचारमूलक वा अन्तरक्रियात्मक | १३० | ३ मिनेट |
| बिहान ९.०० देखि ११.०० बजेसम्म | ७०० | | | |
| विहान ११.०० देखि दिउंसो १.०० बजेसम्म | ५०० | | | |
| दिउसो १.०० देखि सांझ ६.०० बजेसम्म | ७०० | | | |
| साँझ ६.०० देखि ७.०० बजेसम्म | ८०० | | | |
| साँझ ७.०० देखि ८.०० बजेसम्म | ९०० | | | |
| साँझ ८.०० देखि ९.०० बजेसम्म | ८०० | | | |
| साँझ ९.०० देखि १०.०० बजेसम्म | ५०० | | | |
| साँझ १०.०० देखि ११.०० बजेसम्म | ३०० | | | |
| राति ११.०५ देखि बिहान ५.०० सम्म | ७५ | | | |

**(ख) समयको वर्गिकरण र विज्ञापन प्रसारण शुल्क :**

| समय वर्गिकरण | समयको नाम | प्रति मिनेट |
|---|---|---|
| बिहान ५.०० देखि ११.०० बजेसम्म | ए समय | रु १,८०० |
| बेलुका ५.०० देखि ९.३० बजेसम्म | बि समय | रु १,५०० |
| दिउसो ११.०० देखि ५.०० बजेसम्म | सी समय | रु १,२०० |
| राती ९.३० देखि ११.०० बजेसम्म | डी समय | रु ९०० |
| राती ११.०५ देखि बिहान ५.०० बजेसम्म | इ समय | रु.२०० |

**(ग) मनोरञ्जनप्रद कार्यक्रम प्रायोजन शुल्क र FCT समय**

| कार्यक्रम अवधि | मनोरञ्जनात्मक कार्यक्रम प्रायोजन शुल्क | | | | | एफसीटी | मनोरञ्जनात्मक कार्यक्रमः समय खरिद (दफा १९ (ज) को प्रयोजनको लागि) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ए समय रु. | बी समय रु. | सी समय रु. | डी समय रु. | इ समय रु | | | | |
| १५ मिनेट | ४६०० | ४००० | ३५०० | २५०० | ५०० | ३ मिनेट | सी समय | डी समय | इ समय |
| ३० मिनेट | ८५०० | ७००० | ६००० | ४००० | १००० | ६ मिनेट | प्रति मिनेट रु. २५० | प्रति मिनेट रु. १७५ | प्रतिमिनेट रु. ७५ |
| ६० मिनेट | १५००० | १२००० | १०००० | ७००० | १५०० | १२ मिनेट | | | |

**(घ) "सूचना, समाचारमूलक तथा जनचेतनामूलक कार्यक्रममा विज्ञापन प्रसारण शुल्कः**

| समाचाररकार्यक्रम | प्रतिमिनेट विज्ञापन प्रसारण शुल्क | | |
|---|---|---|---|
| | अघि | बीचमा | पछि |
| विहान र बेलुका ७ बजेको समाचार | रु ५,७०० | रु ६,००० | रु ४,२०० |
| विहान र बेलुकी ९ बजे र दिउसो ३ बजेको समाचार | रु ४,२०० | रु ४,५०० | रु ३,००० |
| अन्य समाचार | रु २,४०० | रु ३,००० | रु २,१०० |
| अखवार कार्यक्रम | रु २,४०० | रु ३,००० | रु २,४०० |
| अन्य समाचारमुलक वा अन्तरक्रियात्मक कार्यक्रम | रु ४,२०० | रु ४,५०० | रु ३,००० |

**(ङ.) समयसूचक (Time check)** (अवधि ५ सेकेण्ड)/यस समाचारको साथमा

**(अ) समय सूचक/यस समाचारका साथमा**

| समाचार समय | ३ महिना | ६ महिना | १ वर्ष |
|---|---|---|---|
| विहान र बेलुकी ७ बजे | रु ७५,००० | रु १,२५,००० | रु २,००,००० |
| विहान र बेलुकी ९ बजे र दिउसो ३ बजेको समाचार | रु ४०,००० | रु ७५,००० | रु १,४०,००० |
| अन्य समाचार | रु २५,००० | रु ४०,००० | रु ७०,००० |

**(आ) 'समय सूचक' र 'यस समाचारको साथमा' १० सेकेण्डसम्म दिन सकिनेछ। सो वापत लाग्ने शुल्क यसैको आधारमा हिसाब गरिनेछ।**

(च) **परिसंवाद कार्यक्रम एवं विशेष कार्यक्रम प्रसारण शुल्कः**

| केन्द्रीय प्रसारण | प्रदेश प्रसारण |
|---|---|
| प्रति मिनेट रु. १,२००/- | प्रति मिनेट रु. ४००/- |

**(छ) प्रादेशिक प्रसारण कार्यालय धनकुटा, बर्दिवास, काठमाडौं, पोखरा, दाङ, सुर्खेत र दिपायलः**

१. समाचारको अघि, पछि वा बीचमा विज्ञापन प्रसारण शुल्कः

| समाचारहरु | प्रति मिनेट विज्ञापन प्रसारण शुल्क | | | टाइमचेक (अवधि ५सेकेण्ड) | | |
|---|---|---|---|---|---|---|
| | अघि | बीचमा | पछि | प्रति पटक | ६ महिना | १ वर्ष |
| सबै समाचार | रु १,२०० | रु १,४०० | रु १,००० | रु १०० | रु १८,००० | रु ३६,००० |

२. कार्यक्रम र विज्ञापन प्रसारण शुल्कः

| "सुचना, समाचारमुलक तथा जनचेतनामुलक कार्यक्रम" प्रति मिनेट | विशेष कार्यक्रम प्रति मिनेट | मनोरञ्जनप्रद कार्यक्रम प्रायोजन शुल्क र FCT | | साधारण विज्ञापन प्रति मिनेट |
|---|---|---|---|---|
| | | १५ मिनेट/ FCT३ मिनेट | ३० मिनेट/ FCT६ मिनेट | |
| रु. २०० | रु ३५० | रु १,५०० | रु ३,००० | रु. ८०० |

***नोट***

- प्रत्यक्ष रुपमा प्रसारण गरिने सुचना तथा सन्देश पनि अवधि अनुसार प्रसारित समयको विज्ञापन दररेट अनुसार बिलिंङ गरिनेछ ।
- विज्ञापन तथा सन्देश न्यूनतम १५ सेकेण्ड हुनुपर्नेछ । तत्पश्चात औसतमा ५/५ सेकेण्डको अन्तर रहने गरी बिलिङ्ग गरिनेछ ।

**अनुसूचि (३) : डिजिटल प्लेटफर्म/अनलाइन सम्बन्धी दररेट**

| | |
|---|---|
| १. रोड ब्लक | रु. १५,०००।- प्रति दिन । |
| २. मुख्य समाचार माथि वारपार | रु. १,००,०००।- प्रति महिना । |
| ३. मुख्य समाचार तल वारपार | रु. ८०,०००।- प्रति महिना । |
| ४. ताजा प्रमुख समाचार माथि वा तल वारपार | रु. ७५,०००।- प्रति महिना । |
| ५. गृह पृष्ठमा जुनसुकै स्थानमा वारपार | रु. ६०,०००।- प्रति महिना । |
| ६. भित्री पेज समाचारमा जुनसुकै स्थानमा | रु. २०,०००।- प्रति महिना । |

## ९. निर्णय गर्ने प्रकृया र अधिकारी

- शाखा महाशाखाबाट सिफारिस भइ नायब कार्यकारी निर्देशक हुँदै प्रमुख प्रशासकिय अधिकृत र कार्यकारी अध्यक्षवाट निर्णय हुने ।

## १०. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- प्रमुख प्रशासकिय अधिकृत र सञ्चालक समिति

## ११. सम्पादन गरेको कामको विवरण :

**सार्वजनिक सेवा प्रसारण नेपाल**
**रेडियो नेपाल**
**आ. व. २०८१/८२**
**बैशाख, जेठ र असार महिनाको प्रगति विवरण**

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप | उपलब्धी/प्रगति | कैफियत |
|---|---|---|---|---|
| १. | समावेशी प्रसारण | समावेशी सम्बन्धी कार्यक्रम र समाचार विभिन्न २४ भाषामा उत्पादन तथा प्रसारण | क) समावेशी कार्यक्रम उत्पादन तर्फ **बैशाख, जेठ र असार** महिनामा **५०३** र हालसम्म जम्मा **१९३७** वटा कार्यक्रम उत्पादन र प्रसारण भएको। समाचारतर्फ **बैशाख, जेठ र असार** महिनामा **२१९६** र हालसम्म जम्मा **७०९२** वटा समाचार (बुलेटिन) उत्पादन र प्रसारण भएको।<br>ख) समावेशी समाचार र कार्यक्रम उत्पादन र प्रसारणका लागि खस भाषाको जनशक्ति सिफ्ट बेसिसमा नियुक्ति भई प्रादेशिक प्रसारण कार्यालय कर्णाली प्रदेशबाट समाचार र कार्यक्रम प्रसारण सुरू गरिएको।<br>ग) समावेशी समाचार र कार्यक्रम उत्पादन र प्रसारणका लागि शेर्पा भाषाको जनशक्ति सिफ्ट बेसिसमा नियुक्ति प्रक्रिया पुरा गरिएको।<br>घ) समाबेशी कार्यक्रम तथा समाचारमा संलग्न जनशक्तिको नियमित पारिश्रमिक भुक्तानी गरिएको। | |
| २. | तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम सञ्चालन | कार्यालय सञ्चालन, बिजुली, खानेपानी, टेलिफोन र इन्टरनेट लगायतका सेवा महसुल भुक्तानी र उद्देश्य अनुरूपका क्रियाकलाप सञ्चालन | क) सञ्चारग्रामको बिजुली, खानेपानी, टेलिफोन र इन्टरनेट लगायतको हालसम्मको सेवा महसुल भुक्तानी गरिएको।<br>ख) सञ्चारग्रामको उद्देश्य अनुरूप महानगर एफ.एम. रेडियोको प्रसारण एफ.एम. १०३ मेगाहर्ज निरन्तर रूपमा सञ्चालन गरी सञ्चारग्रामको उद्देश्य अनुरूपका कार्यक्रमहरू सञ्चालनमा ल्याइएको।<br>ग) सञ्चारग्राम विराटनगरमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यू, सचिवज्यू, अध्यक्षज्यू, प्रमुख प्रशासकिय अधिकृतज्यू, मन्त्रालयका सहसचिवज्यू लगायतबाट अनुगमन, निरिक्षण र निर्देशन भएको।<br>घ) सञ्चारग्राम विराटनगरमा स्टुडियोका लागि UPS को नयाँ ब्याट्री खरिद गरी जडान गरिएको। | |

| | | | | |
|---|---|---|---|---|
| ३. | सञ्चार तथा सूचना प्रविधि कार्यक्रम प्रसारण | कार्यक्रम उत्पादन तथा प्रसारण | **बैशाख, जेठ र असार** महिनामा १४ र हालसम्म जम्मा **५२** वटा कार्यक्रम उत्पादन तथा प्रसारण भएको। | |
| ४. | डिजिटल आर्काइभिङ्ग | नयाँ सिस्टममा डिजिटाइजेसन र मेटाडाटा अपडेट | क) **बैशाख, जेठ र असार** महिनामा **१४६९** र हालसम्म जम्मा **११९७५** वटा अडियो कन्टेन्टलाई आर्काइभ सिस्टममा डिजिटाइज्ड गरिएको।<br>ख) डिजिटल आर्काइभका लागि जडित यूपियस मर्मत सम्भार गरी सञ्चालनमा ल्याइएको। | |
| ५. | व्यापार प्रवर्द्धन | विभिन्न निकायहरूसँग द्विपक्षिय सम्झौता सम्पन्न गर्ने। | केन्द्रीय प्रसारण र प्रादेशिक प्रसारण कार्यालयहरूमा गरी विभिन्न निकाय संघ संस्थाहरूसँग कार्यक्रम, सूचना, विज्ञापन प्रसारण तथा उत्पादन र अन्य गरी हालसम्म करिव रू. ७ करोड ७२ लाख रकम बराबरको सम्झौता सम्पन्न भई आम्दानी भएको। | |
| ६. | प्रसारण पहुँच विस्तार | ट्रान्समिटर सिष्टम तथा पावर सप्लाई सिस्टम खरिद । | पावर सप्लाई सिस्टम खरिदका लागि आवश्यक उपकरणहरूको स्पेसिफिकेशन स्वीकृत भए अनुसार खरिद कार्य सम्पन्न गरी जडान कार्य सम्पन्न गरिएको। | |
| | | प्रसारण उपकरणको स्पेयर पार्टस/उपकरण खरिद। | प्रसारण उपकरणको स्पेयर पार्टस खरिद भै जडान कार्य सम्पन्न गरिएको। | |
| | | एफ.एम. रिलेकेन्द्र स्थापना तथा स्तरोन्नती। | नयाँ एफ.एम. रिलेकेन्द्र स्थापना गर्न गण्डकी प्रदेशको गोरखामा सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरी उपकरणहरूको स्पेशिफिकेसन स्वीकृत भए अनुसार उपकरणहरूको खरिद प्रक्रिया सम्पन्न भै उपकरण प्राप्त भएको। गोरखा जिल्लामा नयाँ एफ.एम. स्टेशन स्थापना भै प्रसारण सुरू गरिएको। बर्दिबास, भेडेटार, दोलखा र रूकुम पश्चिम एफ.एम. को प्रसारण एन्टेना मर्मत सम्भार गरिएको। | |

| क.सं. | कार्यक्रम | क्रियाकलाप | उपलब्धी/प्रगति | कैफियत |
|---|---|---|---|---|
| | प्रसारण पहुँच विस्तार | प्रसारण निरन्तरताका लागि (आवश्यक ब्याकअप उपकरण जस्तै सोलार सिष्टम, जेनेरेटर लगायतका) उपकरण खरिद। | प्रसारण निरन्तरताका लागि (आवश्यक ब्याकअप उपकरण जस्तै सोलार सिष्टम, जेनेरेटर लगायतका) प्रादेशिक प्रसारण कार्यालय बर्दिवासका लागि युपियसको ब्याट्री खरिद गरी जडान गरिएको साथै विद्युत ट्रान्सफर्मर र जेनेरेटर मर्मत सम्भार गरिएको। उडितोला डोटी, दोलखा र चौपट्टा दाङ्गको एफ.एम. स्टेशनको युपियस मर्मत सम्भार गरिएको। | |
| | | Program Distribution Network Link स्थापना तथा Software लगायतका उपकरणहरू खरिद समेत। | नयाँ स्थापना गरिएको एफ.एम. स्टेशनमा Program Distribution Network Link स्थापना गरिएको। | |
| | | केन्द्रमा Digital FM प्रसारणका लागि Digital Studio निर्माण तथा उपकरण जडान गर्ने। | उल्लेखित क्रियाकलापका लागि आवश्यक उपकरणहरूको स्पेशिफिकेसन स्वीकृत भै थप प्रक्रियामा रहेको। | |

| | | | | |
|---|---|---|---|---|
| | | धरान प्रसारण केन्द्रमा सर्टवेभको सिमलकाष्ट (Analog & Digital AM) प्रसारणका लागि कन्टेन्ट सर्भर लगायतका उपकरण जडान गर्ने तथा केन्द्रमा Emergency Warning System (Radio Broadcasting) जडान सहित व्यवस्थापन गर्ने। | उल्लेखित क्रियाकलापका लागि उपकरणहरूको निर्कोल तथा स्पेशिफिकेसन स्वीकृत भै थप प्रक्रियामा रहेको। | |
| ७. | दाङ्गमा कृष्णसेन इच्छुक सञ्चारग्राम निर्माण। | सञ्चारग्राम निर्माणका लागि सरोकारवालाहरूसँग अन्तरक्रिया, छलफल लगायतका अन्य कार्य गर्ने। | क) सञ्चारग्राम निर्माणका सन्दर्भमा कार्यालय सम्बन्धी कार्य गर्न आवश्यक उपकरणहरूको विवरण तयार गरी स्पेशिफिकेसन तयार भएको।<br>ख) उल्लेखित क्रियाकलाप सञ्चालन गर्नका लागि सरोकारवालाहरूसँग छलफल सम्पन्न गरिएको।<br>ग) सञ्चारग्राम स्थापना तथा सञ्चालन निर्देशिकाको मस्यौदा तयार पार्न उपसमिति गठन भएको।<br>घ) सञ्चारग्रामका लागि आवश्यक जग्गा प्रासिका लागि लुम्बिनी प्रदेश मुख्यमन्त्रीको कार्यालय र राप्ती गाउँपालिका देउखुरी दाङ्गलाई पत्राचार गरिएको। | |

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप | उपलब्धी/प्रगति | कैफियत |
|---|---|---|---|---|
| ८. | अन्य विविध | बजेट प्रस्ताव | आ.व. २०८२/८३ को लागि बजेट तथा नीति कार्यक्रमको तयारीका लागि बजेट मस्यौदा उपसमिति गठन भए बमोजिम मस्यौदा सञ्चालक समितिमा पेश भएको र आ.व. २०८२/८३ को बजेट तथा नीति कार्यक्रम सञ्चालक समितिबाट स्वीकृत भएको। | |
| | | स्थलगत बहस कार्यक्रम | कर्णाली प्रदेशको जुम्ला, कालिकोट, मुगु र लुम्बिनी प्रदेशको बाँके त्यसै गरी कोशी प्रदेशको पाँचथर, तेह्रथुम, धनकुटा र इलाम लगायतका जिल्लाहरूमा स्थलगत रिपोर्टमा आधारित बहस कार्यक्रम सम्पन्न गरि कार्यक्रम प्रसारण गरिएको। | |
| | | तालिम कार्यशाला सम्पन्न | सार्वजनिक सेवा प्रसारणका समाचार र कार्यक्रम तर्फका कर्मचारीहरूलाई मौसम तथा विपद सञ्चार सम्बन्धी काठमाडौमा ३ दिने र कोहलपुर बाँकेमा २ दिने तालिम कार्यशाला सम्पन्न गरिएको। | |
| | | पुस्तक प्रकाशन | रेडियो नेपालको आरोह अवरोह र ७५ वर्षको यात्रा नामक रेडियो नेपालको विगत र वर्तमान सम्बन्धी पुस्तक प्रकाशन भएको। | |
| | | सम्झौता सम्पन्न | सार्वजनिक सेवा प्रसारण नेपाल र मधेश प्रदेश सरकार विच सार्वजनिक सेवा प्रसारण संस्थाको ब्यूरो कार्यालय जनकपुरमा स्थापनाका लागि सम्झौता कार्य सम्पन्न गरिएको। | |

| | | | | |
|---|---|---|---|---|
| | | अन्तरक्रिया बहस सम्पन्न | सार्वजनिक सेवा प्रसारण नेपाल रेडियो नेपालका समाचार र कार्यक्रमलाई विविधता, विशिष्टता, पहुँच, प्रभाव र प्रवर्धन गर्न सरोकारवालाहरू सँग १ दिने रूपान्तरण बहस कार्यक्रम सम्पन्न गरिएको। | |
| | | बार्षिक समिक्षा सम्पन्न | सार्वजनिक सेवा प्रसारण नेपाल रेडियो नेपालबाट प्रसारित कानूनका कुरा कार्यक्रमको प्रभावकारिताका समिक्षा कार्यक्रम सम्पन्न गरिएको। | |
| | | छलफल सम्पन्न | सार्वजनिक सेवा प्रसारण नेपाल र सुदूरपश्चिम प्रदेश सरकार विच सार्वजनिक सेवा प्रसारण संस्थाको ब्यूरो कार्यालय धनगढीमा स्थापना गर्न मुख्यमन्त्री सँग छलफल गरिएको। | |
| | | सूचना प्रकाशन | रेडियो नेपालमा रिक्त दरबन्दीका लागि पदपूर्ति प्रकृया सुरू गर्न सूचना प्रकाशन गरिएको। | |
| | | जग्गा हस्तान्तरण | नेपाल सरकारको निर्णयानुसार नेपाल दुरसञ्चार प्राधिकरणलाई स्वामित्व हस्तान्तरण गर्ने भनिएको खुमलटार स्थित रेडियो नेपालको नाममा रहेको जग्गा हस्तान्तरण गरिएको। | |

**१२. सूचना अधिकारी र प्रमुखको नाम र पद**

- सूचना अधिकारी : नि. नायव कार्यकारी निर्देशक, पुष्कर राज गौतम्, मोबाईल नं.:– ९७६११३९८८२
- कार्यालय प्रमुख : डा.महेन्द्र विष्ट कार्यकारी अध्यक्ष, मोबाईल नं.:– ९८५१०६५९३८
- कायम मुकायम प्रमुख प्रशासकिय अधिकृत, विष्णुराम न्यौपाने, मोबाइल नं. :– ९८५१०६३७७७

**१३ ऐन नियम विनियम वा निर्देशिका सूची**

**क.नीति/गठन आदेश**

- राष्ट्रिय आमसंचार नीति २०७३

**ख.ऐनको सूची**

- सार्वजनिक सेवा प्रसारण ऐन २०८१
- रेडियो ऐन २०१४
- राष्ट्रिय प्रसारण ऐन २०४९

- श्रमजिवी पत्रकार ऐन २०५१
- आर्थिक कार्यविधि ऐन २०५५
- सार्वजनिक खरीद ऐन २०६३
- सूचनाको हक सम्वन्धी ऐन २०६४
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६

**ग. नियमावलीको सूची**

- सार्वजनिक सेवा प्रसारण नियमावली २०८२
- रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा सर्त नियमावली २०७७
- रेडियो प्रसार सेवा विकास समिति आर्थिक नियमावली २०४९
- राष्ट्रिय प्रसारण नियमावली २०५२ संसोधन सहित
- श्रमजिवि पत्रकार सम्वन्धी नियमावली २०५३

- सार्वजनिक खरीद नियमावली २०६४
- आार्थिक कार्यविधि नियमावली २०६४
- सूचनाको हक सम्वन्धी नियमावली २०६५
- भ्रमण खर्च नियमावली २०६८ संसोधन सहित
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७

**घ. निर्देशिकाको सूची**

- रेडियो नेपालको प्रसारण निर्देशिका र कार्यक्रम तथा समाचारमापदण्ड २०७०
- रेडियो नेपाल संगीत प्रशिक्षण, सम्बर्द्धन तथा अध्ययन अनुसन्धान निर्देशिका २०७१
- करार ज्यालादारी वुलेटिन वेसीस जनशक्ति नियुक्ति सेवा सर्त सम्वन्धी मापदण्ड २०७८
- रेडियो नेपाल वैदेशिक भ्रमण व्यवस्थापन आन्तरिक कार्यविधि २०७५
- सरकारी सम्पति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधी २०७९

- व्यापार निर्देशिका २०७७
- तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम बिराटनगर स्थापना तथा सञ्चालन निर्देशिका २०७८
- महानगर एफएम रेडियो सञ्चालन कार्यविधि (Operational Modality) २०७८
- रेडियो नेपाल प्रसारण निर्देशिका तथा शैली पुस्तक २०७९
- रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) दिर्घ सेवा पदक तथा पुरस्कार वितरण कार्य विधि २०७९ सम्बन्धी मापदण्ड।
- आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८१

**१४. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण ।**

# सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपाल

## आ.ब २०८१/८२

### बिज्ञापन तर्फको आयव्यय विवरण

**एभरेष्ट बैंक ००१००१०५२०११६६ र स्ट्याण्र्डड चार्टर्ड बैंक ०१०४०७६५८०१**

| | व्यय विवरण | | रकम | | आय विवरण | | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | यस वर्षको ट्रान्सफर खर्च | | ६१,७००,०००।०० | १ | गत वर्षको वांकी बैंक मौज्दात | | २,१६७,१९८।६८ |
| | क) एभरेष्ट बैंक ११६४ मा | ५७,०००,०००।०० | | | क) एभरेष्ट बैंकमा | ९९५,३४०।७४ | |
| | ख) चार्टर्ड बैंक ११६४ | ४,७००,०००।०० | | | ख) चार्टर्ड बैंकमा | १,१७१,८५७।९४ | |
| २ | यस वर्षको अग्रिम कर | ७१८,६७४।८४ | २,०४६,९२२।१४ | २ | यस वर्ष विगतको उधारो उठेको | | १,६८९,६५६।०० |
| | ३० प्रतिशत भ्याट कट्टी रकम | १,३२८,२४७।३० | | ३ | यस वर्ष विलिङ्ग तर्फको आम्दानी | | ६२,३५४,८२९।२० |
| ३ | कल्याणकारी विज्ञापन कट्टी | | ९,२१०।८५ | | क) स्टुडियो शुल्कबाट | ७९,४००।०० | |
| ४ | यस वर्षको बैंक चार्ज | | १,२४३।३० | | ख) विज्ञापन प्रसारण/प्रकाशनबाट | १७,३४८,७५७।६६ | |
| | क) एभरेष्ट बैंक | ९७४।३० | | | घ) कार्यक्रम प्रसारणबाट | २४,३२२,६७५।०० | |
| | ख) प्राप्तीमा बैंक | ६९।०० | | | ङ) कार्यक्रम उत्पादनबाट | ५,६२०,९५०।०० | |
| | ख) चार्टर्ड बैंक | २००।०० | | | च) अनुगमन वैठक | १,१२२,०००।०० | |
| ५ | यस वर्षको उधारो उठ्न बांकी | | १,९१३,८२४।०१ | | छ) बि.बि.सि.वर्ल्ड सर्भिस | ६,७७४,८००।७० | |
| | विलिङ तर्फ | १,९१३,८२४।०१ | | | ज) भ्याट रकम | ७,०८६,२४५।८४ | |
| | नगदी रसिद तर्फ जम्मा गर्न बांकी | ०।०० | | ४ | यस वर्ष बढी भुक्तानी प्राप्त | | ( |
| ६ | गत वर्ष अग्रिम प्राप्त | | १४७,०००।०० | ५ | यस वर्षको अन्य आम्दानीहरु | | २,३२६,०४७।९४ |
| ७ | बैंक मौज्दात | | २,७१९,५३१।५२ | | क) बैंक व्याजबाट | | |
| | क. एभरेष्ट बैंक | २,५१४,२३७।९५ | | | ख) नगदी रसिदबाट | २२३,६००।०० | |
| | जम्मा हून बांकी चेक (इमाजिन मिडिया प्रा | ६८,४३५।६३ | | | ग) प्रादेशिक प्रसारणबाट प्रांप्त | ९७१,३७५।२१ | |
| | ख. स्ट्याण्डर्ड चाटर्ड बैंक | १३६,८५७।९४ | ( | | घ) विविध | १,१३१,०७२।७३ | |
| | | जम्मा : | ६८,५३७,७३१।८२ | | | जम्मा : | ६८,५३७,७३१।८२ |

आर्थिक वर्ष ०८१/८२ को असार मसान्तसम्मको खर्च विवरण

| खर्च रकम | खर्च शीर्षक | कोशी प्रदेश | | | मधेश प्रदेश | वागमती प्रदेश | | | गडकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुर पश्चिम प्रदेश | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | धनकुटा | संचारग्राम | धरान | बर्दिवास | केन्द्रिय कार्यालय | खुमलटार | भैंसेपाटी | पोखरा | दाङ्ग | सुर्खेत | दिपायल | |
| २१११११ | तलव | ३९३५४००।०० | २३६०२२१।०० | ५४३४२४०।०० | ४९९२५६१।०० | २७०२४९७१२।२७ | १११८२००।०० | ९३७९००।०० | ४४२३१९०।०० | ५८३८०००।०० | ६९३२४००।०० | ८४३४४९९।९४ | ३१२०९६१०३।२१ |
| २११२१ | पोषाक | | | | | ५१८००००।०० | | | | | | | ५१८००००।०० |
| २११२३ | औषधी उपचार खर्च | | | | | २३४२७००।०० | | | | | | | २३४२७००।०० |
| २११३१ | स्थानिय भत्ता | | | | | ६५८४७६।०० | | | | | | | ६५८४७६।०० |
| २११३२ | महगी भत्ता | | | | | ८२८५२६६।६६ | | | | | | | ८२८५२६६।६६ |
| २११३४ | कर्मचारीको बैठक भत्ता | | | | | २३५२०४८।०० | | | | | | | २३५२०४८।०० |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | | | | | १९७२९३४६।०० | | | | | | | १९७२९३४६।०० |
| २११३९ | अन्य भत्ता | २०२०४९।५३ | १३६६३९।२० | १४४३१८।८० | ३२०९९४।४५ | ४०६६०१६।०० | २३४२२१।०० | १४०१२३।०० | ३६७६०४।३४ | २४९४९३।३४ | १८६२०५।२७ | ३१८००६।४७ | ६२२९०३२।२० |
| २१११९ | योगदान आधारित निर्वत्तिभरण | | | | | १०६५०३०।३५ | | | | | | | १०६५०३०।३५ |
| २७३११ | निवृत्तभरण तथा अशक्त वृत्ति | | | | | ७९४५२८५५।५२ | | | | | | | ७९४५२८५५।५२ |
| २२१११ | पानी तथा बिजुली | १०६१७५५।९२ | ९११७४४।६७ | ३९४८९६।५५ | २१८२३२३।६८ | १८३४८८३।०० | १९४३८१५।०० | ४९६३१०५।०० | ४१८८८१८।६० | ५०५२४।०० | १५८८०१७४८ | ८८५३२६।६८ | १९०९३४६५।९१ |
| २२११२ | संचार महसुल | ४४५५०।०० | १८२६१८।०० | ९४४०७।०० | ३०५००।०० | २५३८९५०।०५ | १२५००।०० | १८६५०।०० | ६०५१९।०० | ४४९९९३।१२ | ६४०९१।५४ | १४२२६०।०० | ३४५६४२०।७१ |
| २२२१२ | ईन्धन (कार्यालय प्रयोजन) | ९७७०७४२ | ४९८२७५० | १०८३३०।०९ | ९२२८६।०३ | ३५७४५३३।२८ | १९९१८।०० | १९९८४।०० | १००७५४।१० | ६५७७५।०० | ५९४१०।०० | ९९७९६।०० | ४२३८४९३।९२ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ९९९३३।३० | | ११५८६४।६७ | ४९५५२।३३ | १०६००४४।०० | १४८५०।०० | १४९८९।०० | ११९७३६।४४ | ४४१००।५६ | ३८५०७।०० | १२३५३३।०० | १६८१११०।३० |
| २२२१४ | वीमा तथा नविकरण खर्च | ०।०० | | | | ५७२६०५।०० | | | | | २४२६०।५० | ५४१००।०० | ६५०९६५।५० |
| २२२३१ | अन्य मर्मत खर्च | ९९३७३।५५ | ७४३४०।६८ | ६०५१५।६० | ५७३०४३।५८ | ७४४५५८।०० | ९९७७५।०० | ९९९९६।०० | १७९८६२।६० | ८०६२९।०० | १४९४१७०५ | ९५६९२।७० | २१८२८६३।०८ |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ११९७५११।१७ | ९९९०२।७७ | २३२९८।०१ | १२४७४२।७८ | १२८५६९९।०० | ४८२४८।०० | ४९७८०।०० | १३४६६७।६५ | ११८९११।०० | १२०९५०।०० | ११५४८६।१० | २१४१५३३।७१ |
| २२३१४ | इन्धन अन्य प्रयोजन | ११९९८६।६८ | १४९८२६।५० | ३८४८३९।०८ | २८२४००।४९ | ११८७००।०० | १०७६१०।०० | १३२३०१।३८ | ५७६७२५।२८ | १८२८०।०० | ७०३४७१।९८ | १५४५५६।०० | २५९८८७०।८९ |
| २२३१५ | पत्र पत्रिका,छपाई र सूचना प्रकाशन | १५०२५।०० | १२४९२।०० | | ८६००।०० | १६७६९३९।०० | १४४३०।०० | ११५८५।०० | १८५८१।०० | १०२००।०० | १९२६५।०० | ११५५०।०० | १७८६१७५।०० |
| २२४११ | सेवा परामर्श खर्च | ०।०० | | | | १४४०७०।०० | | | | | | | १४४०७०।०० |
| २२४१९ | अन्य सेवा शुल्क | ३७३५०।०० | ११७६०।०० | १३५०८।०० | ३६४४०।०० | १७९४६४९।०० | १४८६०।०० | २३८७०।०० | ३९१९२।९० | २५६२०।०० | १९६१७।०० | ५३१५।०० | २०१०४२१।९० |
| २२५११ | कर्मचारी तालिम | ०।०० | | | | ६०५६६७।०० | | | | | | | ६०५६६७।०० |
| २२५२१ | उत्पादन सामाग्री/सेवा | ५९६७१३।२१ | ७०५१५९।०५ | | ९१५४४७।५३ | ३५७५२५४।०० | | | १०४३३३९।५० | १७०३७८।६० | ८३२७७९।०० | १४३३१३०।७४ | ८५६७०४२।५८ |
| २२६११ | अनुगमन मूल्यांकन खर्च | | ४५००।०० | | | २३१६१७५।०० | | | | | ८३९६७०।०० | | ३१५५८४५।०० |
| २२६१२ | भ्रमण खर्च | २४९९५०।०० | १४९८४९।०० | ७९२१९।०० | १६२०५०।०० | ७६३१४०।०० | २९७००।०० | २६०००।०० | २९२४९५।३५ | १४०३००।०० | २५८९९०।०० | २७४६७०।०० | २२७६५१४।३५ |
| २२७११ | विविध खर्च | ८४५३०।०० | ७९५६०।०० | १३७५०।०० | ७३३३०।०० | ४५४९९९६।१२ | ५९९८५।०० | ५९९४५।०० | ९६८३५।३० | ६४३३५।०० | ६८५१०।०० | ७७३५०।०० | ५१४८५६६।४२ |
| २८१४२ | घर भाडा | ८७००।०० | | | १२०००।०० | ०।०० | | | | | | | २०७००।०० |
| २८१४९ | अन्य भाडा | | | | | १३४४८०।०० | | | | | | | १३४४८०।०० |
| जम्मा चालू खर्च | | ५७७२७७५।७८ | ४९२८४४०।३७ | ६८६७१८६।८० | ९८५६२७१।८७ | ४२०६७१७९३।२५ | ४५१८११२।०० | ६४९८२२८।३८ | ११६४२३२२।०६ | ७३२६५३९।६२ | ११९०५५६१।८२ | १२२२५२७२।६३ | ४९७२८४०६४।२१ |
| ३१११२ | भवन निर्माण | | | | | ५१४६३१५।०४ | | | | | | | ५१४६३१५।०४ |
| ३१११३ | पुजिगत सुधार खर्च | | | | | २७९३६८।०० | | | | | | | २७९३६८।०० |
| ३१११५ | फर्नीचर तथा फिक्चर्स | २९९४५।०० | २२७१२।६० | ४०००।०० | ३६६७५।७७ | २७३८४८।०० | २९४५६।०० | २९९९५।०० | ११३७४४।७५ | ३६०००।०० | ४७४१०।०० | ६६९८०।०० | ६६८०५४।५२ |
| ३११२१ | सवारी साधन | | | | | ०।०० | | | | | | | ०।०० |
| ३११२२ | मेशीनरी औजार | १४७४५८।३५ | ४१०००।३२ | ३४२७२।३५ | ३८७०१२।१७ | १७३८३७०९।०० | | | १८७१९५।३५ | १४८९०५।०० | २४१००।०० | १६६८१०।६१ | १८४७९४६२।८३ |
| ३११३२ | सफ्टवेर निर्माण तथा खरिद खर्च | | | | | ४८६५८८५।०२ | | | | | | | ४८६५८८५।०२ |
| जम्मा पूंजिगत खर्च | | १७७४०३।३५ | ६३७१२।९२ | ३८२७२।३५ | ४२३६८७।९४ | २७९४९१२५।०६ | २९४५६।०० | २९९९५।०० | ३००९४०।१० | १८४९०५।०० | ७१५१०।०० | २३३७९०।६१ | २९४३९०८५।४१ |
| कूल खर्च | | ५९५०१७९।१३ | ४९९२१५३।२९ | ६९०५४५९।१५ | १०२७९९५९।८१ | ४४८६२०९१८।३१ | ४५४७५६८।०० | ६५२८२२३।३८ | ११९४३२६२।१६ | ७५११४४४।६२ | ११९७७०७१।८२ | १२४५९०६३।२४ | ५२६७२३१४९।६२ |

नोटः संचारग्राम र आर्कोविङ परियोजनाको समेत समावेश गरिएको

**१५. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण ।**

सोको विवरण रेडियो नेपालको website मा राखी सकिएको ।

**१६. सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण ।**

- www.radionepal.gov.np
- www.onlineradionepal.gov.np
- www.psbnepal.gov.np
- Facebook page : www.facebook.com/radionepal
- Radionepal Apps

**१७. सार्वजनिक निकायले प्राप्त गरेको वैदेसिक सहायता ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरणः छैन ।**

**१८.सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन ।**

- नियमित समाचार तथा कार्यक्रम प्रादेशिक र केन्द्रीय प्रसारणबाट हुने गरेको ।
- हाल सम्मको प्रगति प्रतिवेदन प्रत्येक त्रैमासिक अनुसार वेभसाइट मार्फत सार्वजनिक गरिएको र चालु आ.व.को प्रथम त्रैमासिकमा सम्पादन गरेको कामको विवरण बुदा नं. ११ मा समावेश गरिएको ।

**१९. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समायावधि ।**

रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) सिंहदरबार, काठमाडौं।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) बमोजिमको प्रयोजनका लागि सूचना वर्गीकरण समिति समक्ष पेश गरेको सूचनाको विवरणः

| क्र.सं. (१) | सूचनाको विवरण (२) | सूचना प्रवाह नगर्नु पर्नाको कारण (३) | महल ३ मा उल्लिखित कारण ऐनको दफा ३ को उपदफा (३) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) मध्ये कुन खण्डसँग सम्बन्धीत हो (४) | सूचना प्रवाह नगर्नु पर्ने अवधि (५) | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| (१) | गोप्य सूचना | कार्य सम्पन्न भएको निश्चित समय पछि मात्र सरोकारवाला वा सर्वसाधारणको माग अनुसार सार्वजनिक गर्न सकिने भएकोले (खरिद प्रकृया सम्बन्धी, पदपूर्ति सम्बन्धी आदि) | खण्ड (ग) र (ङ) | कार्य सम्पन्न भएको निश्चित समयसम्म। | |
| (२) | अति गोप्य सूचना | पदपूर्ति सम्बन्धी जानकारी गराउन नमिल्ने निर्णय तथा अभिलेखहरू समितिको आन्तरिक मामिलाका विषयहरू। | खण्ड (ख), (ग), (घ), (ङ) | सम्मानित अदालतको निर्णय नभएसम्म, तालुक मन्त्रालय र सञ्चालक समिति बाट निर्णय नभएसम्म । | |

**२०. सार्वजनिक निकायमा परेको सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिएको विवरण ।**

- हाल सम्म माग भएको सबै सूचनाको विवरणको जवाफ दिइसकिएको । साथै रेडियो कार्यक्रम, टेलिफोन र मोबाइल फोन मार्फत नियमित रुपमा सूचना जानकारीहरु उपलब्ध गराउँदै आएको ।

**२१. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण ।**

- अन्यत्र प्रकाशन नभएको ।